# काठेखोला गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## बिहुँकोट, बागलुङ

### जस्तापाता खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आब्हानको सूचना

सिलबन्दी दरभाउपत्र नं. १/०७५/७६
प्रथम पटक सूचना प्रकाशित मितिः २०७५/०८/०९
दोस्रो पटक सूचना प्रकाशित मितिः २०७५/०८/२५

यस काठेखोला गाउँपालिका अन्तर्गतका आठ (८)वटा वडाहरुमा जनता आवास कार्यक्रम अन्तर्गत जस्तापाता सहयोग गर्ने कार्यक्रमका लागि सिलबन्दी दराभाउपत्रको माध्यमबाट जस्तापाता खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त रजिष्टर्ड फर्म, कम्पनी वा सप्लायर्सबाट देहायका शर्तहरुका अधिनमा रही यो सिलबन्दी दरभाउपत्र आब्हानको सूचना प्रकाशित गरिएको छ ।

१. कार्यालयमा सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र रु १,०००।०० (अक्षरुपी एक हजार रुपैंया मात्र) फिर्ता नहुने गरि नगद बुझाएको सक्कल आम्दानी रसिद, आ.व.२०७५/७६ सम्मका लागि नविकरण गरिएको सम्बन्धित विषयको कारोबार गर्ने गरी इजाजत प्राप्त कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा मू.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७४/७५ को कर चुक्ता प्रमाणपत्र वा करमा बिबरण पेश गरेको कागजात र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित गरिएका प्रतिलिपीहरु निवेदन साथ संलग्न राखी कार्यालय समय भित्र सिलबन्दी दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिले यस काठेखोला गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट बागलुङबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सक्नेछन् ।

२. फाराम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० बजे भित्र सिलबन्दी गरी कार्यालयमा दर्ता गराइ सक्नु पर्ने छ । दर्ता भएको सिलबन्दी दरभाउपत्रहरु सोही दिनको २.०० बजे सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधिको रोहवरमा खोलिनेछ । सिलबन्दी दरभाउपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । सिलबन्दी दरभाउपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्दा सिलबन्दी दरभाउपत्र जमानत वापत रु ४०,०००।- (चालिस हजार मात्र) ने.वै.लि. बागलुङ स्थित काठेखोला गाउँ कार्यपालिकाको कार्यालय बिहुँकोट, बागलुङको धरौटी खाता नं ०२२०३०००००००३००००५ मा नगदै जम्मा गरेको सक्कल भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा ७५ दिन म्याद भएको विड वण्ड सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

४. सिलबन्दी दरभाउपत्रदाताले कवोल गरेको प्रत्येक आईटमको मू.अ.कर बाहेकको इकाई मूल्यलाई अंक र अक्षरमा स्पष्ट वुझिने गरि उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेखित रकम फरक परेमा अक्षरमा उल्लेखित रकमलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा सहीछाप गरी फर्म वा कम्पनीको छाप लगाउनु पर्ने छ ।

५. नेपाल सरकारको हितलाई ध्यानमा राख्दै प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु पूर्णरुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्णरुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ । साथै दरभाउपत्रमा उल्लेख भएको जस्तापाता परिमाणमा थपघट समेत हुन सक्नेछ । यसरी परिमाणमा थपघट भएतापनि दरभाउपत्रदाताले कवोल गरेकै दररेटमा उपलब्ध गराउनु पर्नेछ । साथै स्वीकृत भएको दररेट २०७६ साल असार मसान्त सम्मको लागि मान्य हुनेछ ।

६. सिलबन्दी दरभाउपत्रदाताले आफुले खरिद गरेको सिलबन्दी दरभाउपत्र नै दर्ता गराउनु पर्नेछ । यस कार्यालयबाट प्रमाणित नभएको र एक फर्मले खरिद गरेको बोलपत्र अर्को फर्मले दाखिला गर्न पाउने छैन । साथै छाँयाप्रति तयार गरि पेश गरेको सिलबन्दी दरभाउपत्रलाई मान्याता दिईनेछैन ।

७. सिलबन्दी दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यावसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा संलग्न गर्नु पर्नेछ ।

८. सिलबन्दी दरभाउपत्रको स्वीकृत समग्र बोलकबोल अंक मध्ये न्यूनतम मूल्यका आधारमा गरिने छ ।

९. जस्तापाताको Specificationअनिवार्य रुपमा उल्लेख गर्नुपर्ने छ ।

१०.म्याद नाघि आएको, रित नपुगेको र शर्त राखि पेश भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

११.सिलबन्दी दरभाउपत्र खरिद गर्दा कम्पनी वा फर्मको आधिकारिक व्यक्ति स्वयं उपस्थित हुनु पर्नेछ र आफु उपस्थित हुन नसकेमा उक्त संस्थाले आफुले पठाएको प्रतिनिधिको परिचय खुल्ने कागजात, संस्थाको छाप, आफ्नो लेटरप्याडमा **"सिलबन्दी दरभाउपत्र खरिद गरिपाउँ"** भन्ने निवेदन पेश गरेमा सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

१२.सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिने छ ।

१३.यस सूचनामा उल्लेख भएका कुराहरू उल्लेख भए बमोजिम र उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संसोधन सहित) बमोजिम हुनेछ ।

| सि. नं. | सिलबन्दी दरभाउपत्र नं. | बिबरण | एकाई | परिमाण | ईस्टिमेट अंक (मू.अ.क.सहित) | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | १/०७५/७६ | सादा जस्तापाता २६ गेज (बेस मेटलको मोटाई ०.४१ मि.मि.) हेभी | बण्डल | १५९ | रु १५९९०६३- (अक्षरुपि पन्ध्र लाख उनान्सय हजार त्रिसट्ठी रुपैंया ) | रु ४०,०००/- (अक्षरुपीचालिस हजार रुपैंया मात्र) |

काठेखोला गाउँ कार्यपालिकाको कार्यालय
बिहुँकोट, बागलुङ